**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०६ अप्रेल २०२४

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मूले भोली विश्व होमियोप्याथी दिवसको अवसरमा नयाँ दिल्लीको द्वारकास्थित यशोभूमि सम्मेलन केंद्रमा दुई दिने होमियोप्याथी सेमिनारको उद्घाटन गर्नुहुनेछ

२. भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदीले यो चुनाव २१ औं शताब्दीमा भारतका लागि निकै महत्वपूर्ण रहेको बताउनु भएको छ ।

३. पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता बेनर्जीले चौत्र नवरात्रिको अवसरमा शुभकामना व्यक्त गर्नुभएको छ।

४. दार्जीलिङ हिल युनिभर्सिटीको पहिलो अफ लाइन क्लास आज देखि शुरु गरिएको छ

**राष्ट्रपति द्रौपदी मुर्मु**

राष्ट्रपति द्रौपदी मुर्मूले भोली विश्व होमियोप्याथी दिवसको अवसरमा नयाँ दिल्लीको द्वारकास्थित यशोभूमि सम्मेलन केंद्रमा दुई दिने होमियोप्याथी सेमिनारको उद्घाटन गर्नुहुनेछ। आयुष मन्त्रालय अन्तर्गतको सेन्ट्रल होम्योपैथी अनुसंधान परिषदले सेमिनारको आयोजना गर्न लागेको हो। सम्मेलनको मूल नारा 'सशक्तीकरण अनुसन्धान दक्षता अभिवृद्धि' रहेको छ। यस कार्यक्रमको उद्देश्य समग्र स्वास्थ्य र कल्याण र होमियोप्याथी अनुसन्धानमा अत्याधुनिक प्रविधिको प्रयोगलाई बढावा दिनु हो। वैज्ञानिक गोष्ठीमा अन्तरअनुसन्धान, महामारी तथा जनस्वास्थ्य, होमियोप्याथिक औषधिको मापदण्ड, प्राथमिक अनुसन्धानलगायत विषयमा सत्र सञ्चालन हुनेछन्।

****** ० ******

**प्रधानमंत्री**

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदीले यो चुनाव २१ औं शताब्दीमा भारतका लागि निकै महत्वपूर्ण रहेको बताउनु भएको छ। मध्य प्रदेशको बालाघाटमा आज आयोजित सभालाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनु भएको छ। उहाँले 'यो चुनाव मात्र होइन, नयाँ भारत निर्माण गर्ने मिसन पनि रहेको बताउदै भाजपा सरकार सबका साथ सबका विकासको मन्त्रमा काम गरिरहेको र देशका हरेक शहर र गाउँलाई प्राथमिकता दिइरहेको बताउनुभयो।

****** ० ******

**शुभकामना**

पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता बेनर्जीले चैत्र नवरात्रिको अवसरमा शुभकामना व्यक्त गर्नुभएको छ। एक सामाजिक पोस्ट मार्फत आफुले चैत्र नवरात्रिको विश्वासमा बल पाएँको बताउदै यस महान पर्वले अँध्यारो समयको बीचमा सधैं आशाको किरण

छरेको बताउनु भएको छ भने सत्यको जहिले पनि जित्छ भन्ने कुराको स्मरण गर्नुभयो। साथमा भक्तिको यस समयमा, आफु माता दुर्गासँग प्रार्थना गर्दै सबैमा आशीर्वादको कामना गर्ने बताउनुभयो।

****** ० ******

**दार्जिलिंग लोकसभा**

दार्जीलिङ लोकसभा सीटबाट हाल सम्ममा १४ जना उम्मेदवार चुनावी मैदानमा छन् अनि कुनै पनि उम्मेदवारले आफ्नो उम्मेदवारी फिर्ता लिएका छैनन्। सबैभन्दा बढी चर्चामा रहेका स्वतन्त्र उम्मेदवारमा खरसानगका विधायक बि.पी बजगाईं र वन्दना राई छन्। राजनीतिक जानकारहरु अनुसार यी दुई उम्मेदवारको कारणले भाजपा प्रर्थिमाथी दबाब बढेको छ।

****** ० ******

**केन्द्रीय बल परिचालन**

चुनाव हिंसाका लागि प्रख्यात पश्चिम बङ्गालमा लोकसभा चुनावको समयमा सुरक्षालाई लिएर चुनाव आयोग विशेष सतर्क भएको छ। निर्वाचन आयोग स्रोतका अनुसार राज्यका सबै मतदान केन्द्रलाई संवेदनशील मानेर केन्द्रीय बल परिचालन गर्ने तयारी भइरहेको छ। अप्रिल १९ मा हुने पहिलो चरणको मतदान अघि राज्यमा केन्द्रीय बलका थप 1 सय कम्पनीहरू तैनाथ हुनेछन्। यससँगै राज्यमा कुल 1 सय 77 कम्पनी केन्द्रीय बल तैनाथ हुनेछन् ।
चुनाव आयोग अनुसार केन्द्रीय बलका नयाँ 1 सय कम्पनीमा सीआरपीएफका 55 कम्पनी, बीएसएफका 45 कम्पनी रहेका छन्। अप्रिल 19 मा हुने पहिलो चरणको मतदानअघि यति ठूलो संख्यामा सेना पठाउनुको कारण के हो भने निर्वाचन आयोगले राज्यका शतप्रतिशत मतदान केन्द्रलाई संवेदनशील मानेको छ।

****** ० ******

**एनआईए**

राष्ट्रीय अन्वेषण अभिकरण (एनआईए)ले पश्चिम बङ्गालको भूपति नगरमा अनुसन्धानका क्रममा छापा मार्न गएका आफ्ना अधिकारीहरूविरुद्ध दर्ता गरिएको एफआईआर रद्द गर्न कलकत्ता उच्च अदालतलाई अनुरोध गरेको छ। अधिकारीहरू विस्फोटको घटनाको अनुसन्धान गर्न त्यस क्षेत्रमा गएका थिए। एनआईएका वकिल अरुणकुमार मोहंतीका अनुसार न्यायाधीश जय सेनगुप्ताले उनलाई मध्याह्न भोजनपछिको सत्रमा निवेदन दायर गर्न र अदालत जान अनुमति दिएको बताइएको छ।

****** ० ******

**टीएमसी प्रदर्शन-भाजपा**

केन्द्रीय एजेन्सीहरूक दुरुपयोग गरेको भन्दै तृणमूल कङ्ग्रेसका नेताहरूले आज नयाँ दिल्लीमा विरोध प्रदर्शन गरेका छन्। लोकसभा चुनावभन्दा पहिला सांसद डेरेक ओ ब्रायन, डोला सेन, सागरिका घोष र साकेत गोखलेको एक प्रतिनिधिमण्डलले पश्चिम बङ्गालमा टीएमसी कार्यकर्ताहरूलाई धम्काउन राष्ट्रिय अनुसन्धान एजेन्सी (एनआईए) को कथित दुरुपयोगको विरोधमा निर्वाचन आयोगमा गएको थियो। सो पार्टीका नेताहरूले यस विषयमा निर्वाचन आयोगको हस्तक्षेपको माग गरेका थिए। त्यसपछि उनीहरुले आयोगको कार्यालय बाहिर प्रदर्शन गरेका थिए। यसैबीच टीएमसी नेताहरुको विरोध प्रदर्शनको समर्थन आम आदमी पार्टीले गरेका छन। पार्टी नेता सौरभ भारद्वाजले भाजपाका नेताहरुले आफ्नो चुनाव प्रचार अभियान चलाईरहेको भए लेकिन केंद्रीय अन्वेषण ब्यूरो-सीबीआई, प्रवर्तन निदेशालय-ईडी, आयकर विभाग अनि केंद्रीय अन्वेषण अभिकरण-एनआईएले विपक्षी नेताहरुलाई दुख दिएको आरोप लगाएका छन।अकोतिर भाजपाले टीएमसीको विरोधको निन्दा गरेको छ। पार्टी प्रवक्ता शहजाद पूनावालाले पश्चिम बङ्गालमा हिंसा फैलाउनेहरूलाई टीएमसीले समर्थन गरिरहेको आरोप लगाउनु भयो भने राज्यमा ईडी र एनआईएका अधिकारीमाथि आक्रमण भइरहेको कुरा उठाउनु भयो।

****** ० ******

**हिल युनिभर्सिटी**

दार्जीलिङ हिल युनिभर्सिटीको पहिलो अफ लाइन क्लास आज देखि शुरु गरिएको छ।आधारभूत सुविधाहरुले युक्त यस युनिभर्सिटीमा हाल 82 जना विद्यार्थीहरूले 6 वटा विषयमा अध्यापन गरिरहेको युनिभर्सिटीका रजिस्ट्रार डाक्टर सुजाता रानी राईले जानकारी गराउनु भएको छ साथमा यस अफलाइन कक्षा सञ्चालनमा जीटीए स्थानीय समाज अनि राज्य सरकारको सहयोग रहेको डाक्टर सुजता रानी राईले थप जानकारी गराउनु भएको छ । यस युनिभर्सिटीमा पहाड लगायत समतलका विद्यार्थीहरुले अध्यन गरिरहेका छन । क्याम्पसका े आफ्नो होस्टेल नभएको कारण स्थानीय समाजले विद्यार्थीहरूलाई राख्ने व्यवस्था गरेको उहाँले जानकारी गराउनु भएको छ।

****** ० ******

**भारत-नेपाल**

नेपालमा संखुवासभा जिल्लाको चिचिला गाउँपालिका–३ स्थित श्री डिडिंग बेसिक स्कूल भवनको शिलान्यास गरिएको छ। भारत सरकारको आर्थिक सहयोगमा नेपाल–भारत विकास सहयोगअन्तर्गत चार करोडभन्दा धेरैको लागतमा विद्यालय भवन निर्माण हुन लागेको हो। कार्यक्रममा राजनीतिक दलका प्रतिनिधि, सरकारी कर्मचारी, समाजसेवी, विद्यालय व्यवस्थापन प्रतिनिधि, अभिभावक, विद्यार्थीको सहभागिता रहेको थियो। नेपाल–भारत सहयोगअन्तर्गत भारतीय अनुदानबाट विद्यालयको दुईतले शैक्षिक तथा प्रशासनिक भवन निर्माणलगायत अन्य सुविधा उपलब्ध गराइने छ। यो परियोजना भारत र नेपालबीचको बलियो विकास साझेदारीको महत्वपूर्ण उदाहरण हो। सन् २००३ देखि भारत सरकारले नेपालका विभिन्न क्षेत्रमा ५५० भन्दा धेरै उच्च प्रभाव सामुदायिक विकास परियोजना (एचआईसीडीपी) निर्माण गरिसकेको छ। तीमध्ये ४८८ आयोजना सम्पन्न भएका छन्।

****** ० ******

**तोड़फोड़**

तृणमूल काग्रेसका नेता तथा जिल्ला परिषदका अधिकारी कुमार प्रशान्त नारायणको गाडीमा तोडफोड भएको घटना प्रकासमा आएको छ घटनाको कारण आज दिउँसो दिनहाटा–२ को नोटाफेला चौपाटी क्षेत्रमा तनाव फैलिएको थियो। घटनामा दुई जना टीएमसी कार्यकर्ता घाइते भएका छन्। उत्तर बङ्गालका विकास मन्त्री उदयन गुहाको नेतृत्वमा टीएमसीका नेता तथा कार्यकर्ताहरू चुनाव प्रचारको कार्यक्रमपछी बाहिर निस्कँदै गर्दा कूचबिहार जिल्ला परिषदका अधिकारी कुमार प्रशान्त नारायणको गाडीमा तोडफोड गरिएको थियो। घटनाको जानकारी पाउनासाथ ठूलो संख्यामा पुलिस घटनास्थलमा पुगेर स्थिति नियन्त्रणमा लिएको छ।

****** ० ******

**सीआरपीएफ**

दार्जीलिङ्ग पूलबजार खण्डको नयाँ नोर ग्राम पञ्चायत अन्तर्गत सुन्तले बस्तीमा केन्द्रिय अर्ध सैनिक बल (सीआरपीएफ) सिलीगुडी ग्रुप सेन्टरले सहिद अथवा सहादत दिवस पालन गरेको छ। आज सहिद सिद्धीविर प्रधानको पैतृक निवास सुन्तलेमा सिआरपीएफका कमान्डेन्ट "आर डब्लु दावा" ,अन्य अफिसरहु सगै उनकै परिवारजन लगायत गाउँलेहरुको उपस्थितिमा एउटा श्रद्धाञ्जली कार्यक्रम सम्पन्न गर्यो। याद रहोस् सिद्धिवीर प्रधान ०९ अप्रिल १९६५मा राजस्थानको कचमा ड्युटी गर्दागर्दै आजैको दिन सहिद हुन पुगेका थिए।

****** ० ******

**गोपाल लामा**

दार्जिलिङ लोकसभा चुनाउको तृणमूल कङ्ग्रेसका उम्मेदवार गोपाल लामाले अनौठो तरिकाले प्रचार गरिरहनु भएको छ। कहिले उनी मर्निङवाक, मन्दिरमा पूजापाठ, क्रिकेट खेल्दै त कहिले ड्रम बजाएर, कहिले तृणमूलको झण्डा लिएर, कहिले सडकमा

हात जोडेर त कहिले स–साना केटाकेटीसँग कुरा गरेर चुनाव प्रचार गरेर मतदाताको मन जित्ने कोसिस गरिरहनु भएको छ। आज यसै क्रममा उहाँले सिलिगुडी महानगरपालिकाको एक नम्बर वार्डमा ड्रम र ड्रमका साथ प्रचार गर्नुभएको छ। उहाँको साथमा दार्जिलिङ जिल्ला टीएमसी अध्यक्ष पापिया घोष, वार्ड पार्षद सञ्जय पाठक सहित सयौं पार्टी कार्यकर्ताहरू थिए।

****** ० ******

**खरसाङ नगरपालिका**

वर्तमान समयमा खरसाङ नगरपालिका क्षेत्रमा पानीको अभाव भईरहेकोले पानी वितरण आपूर्तिलाई पूर्ण गर्नलाई खरसाङ नगरपालिकाको पहलमा नगरपालिका र पीएचई विभागमाझ सभा सम्पन्न भएको छ। विशेष गरी वर्तमान सुक्खायामले पानीको मुहानहरू सुक्दै जाँदा खरसाड नगरपालिकाको कतिपय वार्डहरूमा खाने पानी वितरण गर्न धेरै असुविधा परिरहेको छ। उक्त समस्यालाई मध्येनजर राख्दै खरसाड नगरपालिका अध्यक्ष ब्रिगेन गुरूङको प्रेक्षागृहमा पीएचई विभागको कार्यकारी अभियन्ता मणिरत्न मंग्राती अनि एसएई साथै खरसाङ नगरपालिकामाझ सभा सम्पन्न भएको छ। सभामा नगरपालिका अध्यक्ष ब्रिगेन गुरुङ, उपाध्यक्ष सुवास प्रधान र अन्य पदाधिकारीहरू उपस्थित रहेका थिए। सभामा नगरपालिका क्षेत्रमा पानीको वितरण सुचारू गर्नलाई विभिन्न उपायहरू र योजनाहरू तयार पारिएको जानकारी प्राप्त भएको छ। यसको साथै पानीको वितरण सठीक गर्नलाई नगरपालिका कटिबध्द रहेको र दैनिक बिहानदेखि लगातार कार्य गरिरहेको विषयमा छलफल गरियो

****** ० ******

**पंखाबारी लंगभ्यु अम्बटे समष्टि**

आगामी लोकसभा चुनावलाई ध्यानमा राखेर भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा पंखाबारी लंगभ्यु अम्बटे समष्टिको दुधेमा चुनावी साथै सांगठनिक सभा सम्पन्न भएको छ। पंखाबारी लंगभ्यु अम्बटे समष्टिको नारी शक्तिको बुथ नम्बर229 र 231 मा चुनावी सभा र सांगठनिक सभा दुधे सार्वजनिक भवन साथै दुधेको शान्ति बस्तीमा सभासद कल्पना प्रधानको अध्यक्षतामा सम्पन्न भयो। नारी शक्ति समष्टि सह-सचिव सचिला तामाङले सञ्चालन गरेको सभालाई सभासद कल्पना प्रधान, भागोप्रमो केन्द्रीय समिति सदस्य साथै पञ्चायत उप-प्रधान सन्तोष लामा, समष्टि नारी शक्ति सचिव अनिला राई आदिले सम्बोधन गरेका थिए।

****** ० ******

****** ० ******